कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा युवा तथा खेलकुद शाखा
कोहलपुर बाँके
लुम्बिनी प्रदेश, नेपाल।

पत्र संख्या : ०७९/०८०
च. नं.

मिति : २०७९/०५/०८

विषय:- लेखापरीक्षणका लागि प्रस्ताव पेस गर्ने सम्बन्धमा।

श्री सूचीकृत लेखा परीक्षकज्यूहरु।

प्रस्तुत विषयमा कोहलपुर नगरपालिका नगर शिक्षा समितिको मिति २०७९/०४/२९ गते बसेको बैठकको निर्णयानुसार कोहलपुर नगरपालिका शिक्षा ऐन, २०७६ को परिच्छेद २१ को दफा ५५, उपदफा १ र २ अनुसार कोहलपुर नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक विद्यालयहरुमा आ. व. २०७८/०७९ को आर्थिक कारोबारको लेखा परीक्षण गर्नको लागि माध्यमिक तह (०-१२) ३००००/-(तीस हजार) माध्यमिक तह (०-१०) – २५०००/- (पच्चिस हजार) र आधारभूत तह (०-८) – १५०००/-(पन्ध्र हजार) भित्र रहने गरि प्रतिस्पर्धात्मक तरिकाबाट सबै भन्दा न्युनतम रकममा लेखापरीक्षण गर्नको लागि नेपाल चार्टर्ड एकाउन्टेन्टस् (ICAN) मा नियमानुसार दर्ता भएका इच्छुक रजिस्टर्ड लेखापरीक्षकहरुले सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र मिति २०७९/०५/१९ गते सम्म कार्यालय समय भित्र तपसिल बमोजिमका कागजातहरु सहित शिक्षा, युवा तथा खेलकुद शाखामा सिलबन्दी लाहाछाप सहित प्रस्ताव पेश गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

तपसिल:

- सम्बन्धित लेखा परीक्षकको प्रस्ताव पत्र,
- सम्बन्धित लेखा परीक्षकको नागरिकता तथा पेशागत कागजात प्रमाणपत्रहरुको प्रतिलिपि,
- संस्थागत फर्म दर्ता भएको प्रमाणपत्र प्रतिलिपि,
- फर्म नविकरण तथा आ. व. २०७७/०७८ को करचुक्ता कागजातको प्रतिलिपि,
- स्थायी लेखा नम्बरको प्रतिलिपि
- सम्बन्धित तहमा लेखापरिक्षण गरेको प्रमाणपत्रहरुको प्रतिलिपि

नोट: ५ गते प्रकाशित सूचनामा सच्याई पुन: प्रकाशन गरिएको। सिलबन्दी खोल्ने मिति २०७९/०५/२० गते बिहान १०:०० बजे।

..................
(शीला गौतम)
शिक्षा अधिकृत
शाखा अधिकृत